माननीय मन्त्रीज्यूबाट स्वीकृत मितिः २०७५।११।२७

# जनताको जलविद्युत कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि

**प्रस्तावनाः** जलविद्युतको विकास तथा निर्माणमा नेपाली जनताको सहभागिता र स्वामित्वभाव कायम गरी आन्तरिक पूँजी बजारको माध्यमबाट प्रत्येक नेपाली नागरिकलाई जलविद्युत आयोजनाको विकास हेतु शेयर लगानी गर्ने र त्यसको समुचित प्रतिफल प्राप्त गर्ने अवसर तयार गर्न वान्छनीय भएकोले;

नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिचाइ मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम जनताको जलविद्युत कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि,-

(क) "आयोजना प्रभावित बासिन्दा" भन्नाले जनताको जलविद्युत कार्यक्रम अन्तर्गतका जलविद्युत आयोजनाको विद्युत गृह वा अन्य संरचना रहने वा त्यस्तो आयोजनाबाट उत्पादित विद्युतको प्रसारण लाईन रहने स्थानीय तहका जनता सम्झनु पर्छ ।

(ख) "जनताको जलविद्युत कार्यक्रम" भन्नाले प्रत्येक नेपाली जनताले शेयर लगानी गर्न पाउने गरी व्यवस्था गरिएका जलविद्युत आयोजनाहरु सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय सम्झनु पर्छ ।

(घ) "शेयर" भन्नाले जनताको जलविद्युत कार्यक्रम अन्तर्गतको आयोजना निर्माण गर्ने कम्पनीले जारी गरेको तोकिएको अङ्कित मूल्य भएका शेयर सम्झनु पर्छ र सो शब्दले अग्राधिकार तथा प्रिमियम शेयर समेतलाई जनाउँछ ।

## परिच्छेद - २

### जनताको जलविद्युत कार्यक्रम सम्बन्धी व्यवस्था

३. **जनताको जलविद्युत कार्यक्रमः** (१) नेपाल सरकारले जलविद्युत आयोजनाको विकास तथा निर्माणको लागि पूँजी सङ्कलन गर्न तथा जलविद्युत विकासमा नेपाली जनताको स्वामित्वभाव र सहभागिता कायम गर्न जनताको जलविद्युत कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) अनुसूची – १ मा उल्लिखित जलविद्युत आयोजनाहरु जनताको जलविद्युत कार्यक्रम अन्तर्गत विकास, निर्माण तथा सञ्चालन गरिनेछ ।

४. **ऋण तथा शेयरको अनुपातः** (१) दफा ३ बमोजिम विकास तथा निर्माण गरिने आयोजनाको कुल लागतको सत्तरी प्रतिशत ऋण र तीस प्रतिशत शेयर अनुपात कायम गरी वित्तीय व्यवस्थापन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालयको स्वीकृति लिई जलविद्युत आयोजनाको प्रकृति र क्षमताको आधारमा ऋण तथा शेयर संरचनामा आवश्यकता अनुसार परिवर्तन गर्न सकिनेछ ।

५. **शेयर संरचनाः** जनताको जलविद्युत आयोजना निर्माण गर्ने कम्पनीको शेयर संरचनामा एकाउन्न प्रतिशत संस्थापक र उनन्चास प्रतिशत सर्वसाधारण समुहको रहनेछ ।

## परिच्छेद - ३

### संस्थापक तथा सर्वसाधारण समुहको शेयर सम्बन्धी व्यवस्था

६. **संस्थापक समुहको शेयरः** दफा ५ बमोजिम संस्थापक समुहका शेयरधनीको लागि छुट्याईएको शेयर विभाजन देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित प्रदेश सरकारको लागि बढीमा पाँच प्रतिशत,

(ख) सम्बन्धित आयोजना रहेको जिल्लाका स्थानीय तहको लागि बढीमा पाँच प्रतिशत,

(ग) नेपाल सरकार वा नेपाल सरकारले तोकेको निकाय तथा संगठित संस्थाको लागि एकचालिस प्रतिशत ।

७. **सर्वसाधारण समुहको शेयरः** (१) दफा ५ बमोजिम सर्वसाधारण समुहको लागि छुट्याईएको शेयर संरचना देहाय बमोजिम गरिनेछः

(क) सम्बन्धित कम्पनीमा कार्यरत कर्मचारीको लागि बढीमा तिन प्रतिशत,

नेपाल सरकार
जलस्रोत तथा सिंचाइ मन्त्रालय

(ख) जलविद्युत आयोजना रहेको र सो आयोजनाबाट प्रभावित बासिन्दाहरुको लागि बढीमा दश प्रतिशत,

(ग) खण्ड (ख) बाहेक अन्य जिल्लाको सर्वसाधारण जनताको लागि तेतिस प्रतिशत,

(घ) सम्वन्धित विद्युत आयोजनाको प्रसारण लाईनबाट प्रत्यक्ष प्रभावित स्थानिय तहका बासिन्दाको लागि बढीमा तिन प्रतिशत ।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (घ) बमोजिम छुट्याईएका शेयर बिक्री नभएमा वा आंशिकरुपमा मात्र बिक्री भएमा सार्वजनिक सूचना प्रकाशन गरी बिक्री गर्न सकिनेछ ।

८. **<u>बिक्री नभएका शेयर संस्थापकले लिने:</u>** दफा ६ को खण्ड (क) र (ख) तथा दफा ७ बमोजिमको प्रक्रियाबाट शेयर बिक्री नभएमा वा आंशिकरुपमा मात्र बिक्री भएमा बिक्री नभएको शेयर संस्थापक समुहले लिनुपर्नेछ ।

## परिच्छेद - ४

## शेयर निष्काशन सम्बन्धी व्यवस्था

९. **शेयरको सार्वजनिक निष्काशन:** (१) यस कार्यविधि तथा प्रचलित धितोपत्र सम्वन्धी कानुन बमोजिम सर्वसाधारण समुहको लागि शेयर निष्कासन गर्न सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा बमोजिम प्रकाशित सुचनाको म्यादभित्र दफा ७ को खण्ड (क), (ख) र (घ) बमोजिमका समुहले शेयर खरिद नगरेमा वा केही शेयर बाँकी रहेमा सोही दफाको खण्ड (ग) बमोजिमको समुहलाई खरिद गर्ने अवसर दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूचनामा सर्वसाधारणले न्युनतम एकसय कित्ता शेयर खरिदको लागि दरखास्त दिनसक्ने व्यवस्था समेत राख्नुपर्नेछ ।

१०. **बिक्री प्रबन्धक नियुक्त गर्नुपर्ने:** कम्पनीले यस कार्यविधि बमोजिम शेयरको सार्वजनिक निष्काशन गर्ने प्रयोजनको लागि धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायीलाई धितोपत्र सम्बन्धी प्रचलित कानुन बमोजिम निष्कासन तथा बिक्री प्रबन्धक नियुक्त गर्नु पर्नेछ ।

११. **शेयर वापतको रकम भुक्तानीः** (१) यस कार्यविधि बमोजिम शेयर खरिदका लागि सर्वसाधारण जनतालाई आव्हान गर्दा प्रति शेयरको अङ्कित मूल्यको न्युनतम दश प्रतिशतले हुने रकम दरखास्तसाथ माग गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम शेयर वापत चुक्ता गर्न बाँकी रकम सम्बन्धित जलविद्युत आयोजनाको पचास प्रतिशत भौतिक प्रगति र कम्पनीको संस्थापक समूहका शेयरधनीले लिन कबुल गरेको शेयर वापतको सबै रकम चुक्ता गरे पश्चात मात्र भुक्तानी माग गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम शेयर वापतको बाँकी रकमको भुक्तानी प्रचलित कानुन बमोजिम हुनेछ।

१२. **वार्षिक व्याज दिनेः** (१) दफा १० को उपदफा (१) बमोजिम शेयर खरिदको दाखिला गरिएको दश प्रतिशत रकममा त्यस्तो शेयर प्रचलित धितोपत्र सम्वन्धी कानुन बमोजिम कारोबार योग्य नभएसम्मको अवधिको लागि आठ प्रतिशत बार्षिक व्याज दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको ब्याज सम्बन्धित शेयरधनीले आफूले लिन कबुल गरेको शेयर वापत चुक्ता गर्न बाँकी रकममा मिलान गर्न सकिनेछ ।

१३. **शेयर रकमको व्यवस्थापनाः** (१) दफा ११ को उपदफा (१) बमोजिम दाखिला भएको रकम सम्वन्धित आयोजनाको लागि आवश्यक नपर्ने भएमा सम्वन्धित कम्पनीले मन्त्रालयको स्वीकृति लिई त्यस्तो रकम कुनै बैङ्क वा वित्तीय संस्था वा नेपाल सरकारको स्वामित्वको हाईड्रोइलेक्टिसिटी इन्भेष्भेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआडिसिएल) लाई व्यवस्थापनको जिम्मा दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम रकम व्यवस्थापनको जिम्मा दिने भएमा सम्वन्धित कम्पनी र रकम व्यवस्थापन गर्ने निकाय बीच रकम व्यवस्थापन सम्झौता गर्नुपर्नेछ ।

१४. **शेयर प्रमाणपत्रः** शेयर वापत सम्पूर्ण रकम चुक्ता भएपछि सम्बन्धित शेयरधनीलाई शेयर प्रमाणपत्र वा शेयरमा हक कायम भएको निस्सा दिनु पर्नेछ ।

१५. **शेयर कारोबार सम्बन्धीः** कम्पनीले जारी गरेको शेयर वापत सम्पूर्ण रकम चुक्ता भए पश्चात मात्र त्यस्तो शेयर कारोबार योग्य हुनेछ ।

## परिच्छेद - ५

### विविध व्यवस्था

१६. **शेयरधनीको सूची सम्बन्धी जानकारीः** यस कार्यविधि बमोजिम जारी भएका शेयरको लगत र शेयरधनीहरुको सूची अनुसूची-२ बमोजिमको ढाँचामा मन्त्रालयलाई दिनु पर्नेछ ।

१७. **पूर्व स्वीकृति लिनुपर्नेः** (१) जनताको जलविद्युत कार्यक्रममा समावेश भएका जलविद्युत आयोजनाबाट विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त कम्पनीले मन्त्रालयको पूर्व स्वीकृति बिना शेयर संरचनामा परिवर्तन गर्न वा संस्थापक समूहका शेयरधनीले लिएको शेयर बिक्री गर्न वा कुनै प्रकारले हक हस्तान्तरण गर्न पाईने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित धितोपत्र सम्वन्धी कानुन बमोजिम कम्पनीको शेयर धितो बन्दकमा राखी ऋण वा डिवेञ्चर उठाउन उक्त व्यवस्थाले बाधा पुर्याएको मानिने छैन ।

१८. **शेयर खरिद बिक्रीमा बन्देजः** जनताको जलविद्युत कार्यक्रमको जलविद्युत आयोजना विकास गर्ने कम्पनीको शेयर सर्वसाधारण जनतालाई दिइएकोमा आयोजनाको भौतिक प्रगति पचास प्रतिशत पूरा नभएसम्म त्यस्तो शेयर खरिद बिक्री गर्न पाईने छैन ।

१९. **शेयर अण्डरराइटिङ र क्रेडिट रेटिङ** (१) जनताको जलविद्युत कार्यक्रममा समाविष्ट जलविद्युत आयोजनाको शेयर निष्कासन गर्दा शेयर अण्डरराइटिङ र क्रेडिट रेटिङ प्रक्रियमा छुटको लागि मन्त्रालयको सिफारिस सहित धितोपत्र बोर्ड समक्ष सम्वन्धित कम्पनीले अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुरोध गरेमा धितोपत्र बोर्डले आवश्यक शर्त तोकि वा नतोकि शेयर अण्डरराइटिङ र क्रेडिट रेटिङ आवश्यक नपर्ने गरी छुट दिन सक्नेछ ।

२०. **अनुसूचीमा हेरफेर वा थपघटः** मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

२१. **प्रबन्धपत्र तथा नियमावलीमा संशोधनः** (१) जनताको जलविद्युत कार्यक्रममा समावेश भएका जलविद्युत आयोजनाको विकास तथा निर्माण गर्ने कम्पनीले आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा यस कार्यविधि दफा ६ मा उल्लेख भए बमोजिमको शेयर संरचना कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि लागू भएको तीन महिनाभित्र सर्वसाधारण समुहको लागि शेयर निष्काशन गर्ने कम्पनीले यो कार्यविधि बमोजिम शेयर संरचनामा परिवर्तन नगरी पनि शेयर निष्काशन गर्न सक्नेछ ।

२२. **आवश्यक सहयोग गर्नुपर्ने:** (१) नेपाल सरकारका सम्वद्ध निकाय प्रदेश सरकार तथा स्थानीय तहले यस कार्यविधि बमोजिम जनताको जलविद्युत कार्यक्रम सञ्चालन गर्न आवश्यक सहयोग गर्नुपर्ने छ ।

(२) जनताको जलविद्युत कार्यक्रम अन्तर्गत शेयर आवेदन बुझाउने समेतको प्रयोजनका लागि बैङ्क वा वित्तीय संस्थामा खाता खोल्ने वा शेयरका विषयमा सर्वसाधारण जनताले मागेको जानकारी वा सूचना दिई आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२३. **बाधा अड्काउ फुकाउने अधिकार:** यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा वा बाधा अडकाउ उत्पन्न भएमा त्यस्तो द्विविधा वा बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ ।

२४. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा लेखिए देखि बाहेक अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची -१*

दफा ४ को उपदफा (२) सँग सम्बन्धित

<u>जनताको जलविद्युत कार्यक्रम अन्तर्गत विकास गरिने जलविद्युत आयोजनाहरुको सूची</u>

| क्रमसङ्ख्या | आयोजनाको नाम | आयोजनाको क्षमता | आयोजना प्रभावित जिल्ला | कैफियत |
|---|---|---|---|---|
| १ | अरुण किमाथाङ्का | ४ सय ८२ मेगावाट | संखुवासभा | |
| २ | माथिल्लो अरुण | ७ सय २५ मेगावाट | संखुवासभा | |
| ३ | इखुवा | ३० मेगावाट | संखुवासभा | |
| ४ | अरुण- ४ | ३ सय ७२ मेगावाट | संखुवासभा | |
| ५ | घुन्साखोला | ७२ मेगावाट | ताप्लेजुङ्ग | |
| ६ | सिम्वुआ खोला | ७० मेगावाट | ताप्लेजुङ्ग | |
| ७ | तामाकोशी- ५ | ९६ मेगावाट | दोलखा | |
| ८ | माथिल्लो त्रिशुली -३ वि | ३७ मेगावाट | नुवाकोट | |
| ९ | बुढी गण्डकी ग्वारखोला | ६० मेगावाट | गोरखा | |
| १० | बुढी गण्डकी प्रोक | १०० मेगावाट | गोरखा | |
| ११ | बुढी गण्डकी प्रोक- २ | २ सय ४० मेगावाट | गोरखा | |
| १२ | बुढी गण्डकी क | ७५ मेगावाट | गोरखा | |
| १३ | भेरी बबई डाइभर्सन | ४८ मेगावाट | सुर्खेत | |
| १४ | फुकोट कर्णाली | ४९२ मेगावाट | कालिकोट | |
| १५ | जगदुल्ला -१ | ९२ मेगावाट | डोल्पा र जाजरकोट | |
| १६ | जगदुल्ला -२ | ६५ मेगावाट | डोल्पा र जाजरकोट | |
| १७ | चैनपुर सेती | २०१ मेगावाट | बझाङ्ग | |
| १८ | सेती नदी -३ | १६३ मेगावाट | बझाङ्ग | |
| १९ | अपर सेती | ५० मेगावाट | बझाङ्ग | |

*मा. मन्त्रीस्तरको मिति २०७५।१२।२१ को निर्णयअनुसार अनुसूची - १ संशोधन (पहिलो)

| | | | | |
|---|---|---|---|---|
| २० | रसुवागढी | १११ मेगावाट | रसुवा | |
| २१ | सान्जेन (माथिल्लो) तथा सान्जेन | १४.८ मेगावाट तथा ४२.५ मेगावाट | रसुवा | |

## अनुसूची -२

### दफा १५ सँग सम्बन्धित

<u>शेयरधनीको लगत</u>

| क्रम सङ्ख्या | शेयरधनीको नाम थर वतन | लिन कबुल गरेको शेयर सङ्ख्या | शेयर वापतको रकम भुक्तानीको अवस्था | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |